# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.स.: २०८३/०८४

च.नं.: १३२

मिति :- २०८३/०६/०९

**विषय : राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुने सम्बन्धमा।**

श्री विद्यालय सबै (सामुदायिक तथा संस्थागत)

बेनी नगरपालिका, म्याग्दी ।

प्रस्तुत विषयमा बेनी नगरपालिकाको आयोजनामा मिति २०८३/०६/२३ देखि २५ गतेसम्म बेनी बजारको खुला मञ्चमा सातौं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता-२०८३ सञ्चालन हुने हुदाँ तहाँ विद्यालयबाट निम्न विधाका खेलहरुमा खेलाडी सहभागी गराउनुहुन अनुरोध छ । खेल र खेलाडी सम्बन्धी आवश्यक जानकारीहरू यसै पत्रसाथ संलग्न गरिएको छ ।

**१ खेलकुदका विधा तथा प्रतियोगिताहरू**

| क .सं. | विधा | खेल | छात्र | छात्रा |
|---|---|---|---|---|
| १. | भलिबल | भलिबल | ९ जना | ९जना |
| २. | कबड्डी | कबड्डी | ९ जना | ९ जना |
| ३. | एथलेटिक्स | | | |
| **(क ) दौड (ट्र्याक तर्फ)** | | | | |
| १. | १०० मिटर | छात्र | छात्रा | |
| २. | २०० मिटर | छात्र | छात्रा | |
| ३. | ४०० मिटर | छात्र | छात्रा | |
| ४. | ८०० मिटर | छात्र | छात्रा | |
| ५. | १५०० मीटर | छात्र | छात्रा | |
| ६. | ३००० मिटर | छात्र | छात्रा | |
| ७. | ४*१०० मिटर रिले | छात्र | छात्रा | |
| ८. | ४*४०० मिटर रिले | छात्र | छात्रा | |
| **(ख ) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ** | | | | |
| १. | हाईजम्प | छात्र | छात्रा | |
| २. | लङजम्प | छात्र | छात्रा | |
| ३. | त्रिपलजम्प | छात्र | छात्रा | |

माधव प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४. | ज्याभलिन थ्रो | छात्र ८०० ग्राम | छात्रा ६०० ग्राम |
| ५. | सटफुट | छात्र १२ पाउण्ड | छात्रा ८ पाउण्ड |
| **४. मार्सल आर्ट तर्फ** | | | |
| क. | करौंते | छात्र U'४२केजी | छात्रा U'४०केजी |
| | करौंते | छात्र U'४७केजी | छात्रा U'४५केजी |
| | करौंते | छात्र U'५२केजी | छात्रा U'५०केजी |
| | करौंते | छात्र U'५७केजी | छात्रा U'५५केजी |
| | करौंते | छात्र U'६२केजी | छात्रा U'६०केजी |
| | करौंते | काता (एकल ) | काता (एकल ) |
| ख. | तेक्वान्दो | छात्र U'४५केजी | छात्रा U'४२केजी |
| | तेक्वान्दो | छात्र U'४८केजी | छात्रा U'४४केजी |
| | तेक्वान्दो | छात्र U'५१केजी | छात्रा U'४६केजी |
| | तेक्वान्दो | छात्र U'५५केजी | छात्रा U'४९केजी |
| | तेक्वान्दो | छात्र U'५९केजी | छात्रा U'५२केजी |
| | तेक्वान्दो | एकल पुम्से | एकल पुम्से |
| ग. | उसु थाओलु तर्फ | छात्र Chang Quan | छात्रा Chang Quan |
| | उसु थाओलु तर्फ | छात्र Nan Quan | छात्रा Nan Quan |
| | उसु थाओलु तर्फ | छात्र Taiji Quan | छात्रा Taiji Quan |
| | उसु सान्सौ तर्फ | छात्र ४२ के.जी. | छात्रा ४२ के.जी. |
| | उसु सान्सौ तर्फ | छात्र ४५ के.जी. | छात्रा ४५ के.जी. |
| | उसु सान्सौ तर्फ | छात्र ४८ के.जी. | छात्रा ४८ के.जी. |

**खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थी र विद्यालय सम्बन्धी विशेष जानकारी एवम् नियमहरु:**

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८३ असोज २३ देखि २५ गते सम्म बेनी बजार स्थित खुला मञ्चमा सञ्चालन हुनेछ ।

२. सहभागी विद्यालयले सहभागी हुने खेल, विधा र खेलाडीहरुको नाम संलग्न अनुसूची -१ बमोजिमको फारम खेलाडी विद्यार्थीबाट भराई जन्मदर्ता सहित मिति २०८३/०६/१९ गते कार्यालय समय भित्र बेनी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गरीसक्नु पर्नेछ ।

३. चालु शैक्षिक सत्रमा माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत मिति २०६५ ०६ /०१ वा सो भन्दा पछाडिको जन्ममिति भइ विद्यालयको इमेसमा रजिस्ट्रेसन भएका छात्र/छात्राहरु मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन्।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

०८२/६/४
माधव प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

४. विद्यालयको (IEMIS) इमेस रेकर्डमा नभएका, गैर विद्यार्थी, तथा १८ वर्ष भन्दा बढी उमेर भएका विद्यार्थीले प्रतियोगितामा भाग लिन पाउने छैनन् ।

५. प्रतियोगितामा प्रत्येक विद्यालयबाट टिम इभेन्ट्सहरुमा एक एक टिम र अन्य इभेन्ट्समा बढीमा १/१ जना खेलाडीहरुलाई सहभागी गराउन सकिनेछ। एथ्लेटिक्स इभेन्ट्समा प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्ट्समा भाग लिन पाउनेछन्।

६. अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भईसकेको खेलाडीलाई प्रतियोगितामा सहभागी गराईने छैन (यो नियम मार्सल आर्ट विधामा लागु हुने छैन) ।

७. गैर विद्यार्थी तथा उमेरको सन्दर्भमा दावी विरोध पर्न गई प्रमाणित भएमा सहभागी खेलाडी , विद्यालय र प्रधानाध्यापकलाई आयोजकले नियम अनुसार उचित अनुशासनको कारवाही गर्न सक्ने छ ।

८. प्रतियोगितामा सहभागी हुनाका लागि सहभागी खेलाडीहरुले अनुसूची -१ को फाराममा पुरै विवरण खुल्ने गरी प्रधानाध्यापकको नाम, हस्ताक्षर, विद्यालयको छाप र मिति सहित जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै खेल पोशाक अनिवार्य गरिएको छ ।

९. सहभागी विद्यालयले विद्यालयको झण्डा सहित र्‍यालिमा सहभागी हुनुपर्नेछ, साथै मार्चपासमा उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत गरिनेछ ।

१०. मापदण्ड विपरितका खेलाडीको विविध पक्षको वैधता माथी उजुरी गर्नु परेमा सम्वन्धित खेलमा भाग लिएर पदक प्राप्त गरेको समय समेत उल्लेख गरी ३० मिनेट भित्रमा नगद रु. ५,०००।–(अक्षरुपी पाँच हजार मात्र) सहित आयोजक समक्ष दावी विरोध गर्न सक्नेछ, तर पहिलो चरण पार गरिसकेपछि दावी विरोध मान्य हुने छैन। आयोजकको छानविनबाट दोषी ठहरिएमा उक्त खेलाडीको पदक खोसिने र निकट्तम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्टमा सहभागी गराईने छैन ।टिम गेमको हकमा पनि सोही नियम लागु हुनेछ ।तर दावी विरोध पुष्टी हुन नसकेमा धरौटी रकम जफत हुनेछ।

११. एथ्लेटिक्समा तेस्रो रेफ्रीको रुपमा भिडियो क्यामेरा प्रयोग गरिनेछ ।

१२. आयोजकले तयार पारेको परिचय-पत्र आयोजना अवधिभर सबैसँग सुरक्षित हुनु पर्नेछ ।

१३. खेल भावना विपरित अवाञ्छित गतिविधि गरेको पाईएमा खेलाडी र विद्यालयलाई आयोजक समितिलाई उचित लागेमा अनुशासनको कारवाही गर्ने वा कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ।

१४. खेलाडीले जन्मदर्ता प्रमाणपत्र र जिल्ला/नगरस्तरीय कक्षा ८ को मार्कसिट/ ग्रेटसिटको सक्कल कागजात साथमै राखिरहनु पर्नेछ। यदि विवाद भएको खण्डमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ ।

१५. खेल सञ्चालन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० पाँचौं संशोधन बमोजिम हुनेछ। प्रतियोगिता सम्वन्धी थप जानकारीको लागि www.moys.gov.np मा लगईन गरी हेर्न सकिने छ।

१७. कार्यविधि, अनुसूची र पत्रमा प्रष्ट नभएका खेल सम्वन्धी जटिलताहरू माथि आयोजकको निर्णय स्वीकार्य हुनेछ ।

थप जानकारीका लागि शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ ।सम्पर्कः क्षेत्रबहादुर भण्डारी (उपसचिव) ९८५७६७९३३३, कमल प्रसाद ढकाल ( शिक्षा अधिकृत) ९८५७६२७१२०, श्यामराज सुवेदी (सहायक शिक्षा अधिकृत) ९८४७६३५३४४

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -१

## सहभागी हुन भर्नुपर्ने फारम

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

### प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारम

हालसालै खिचेको फोटो

१. सहभागि विद्यार्थीको नाम :

२. विद्यालयको नाम/ठेगाना :

३. अध्ययनरत कक्षा :

४. जन्म मिति :

५. सहभागि हुने खेल :

६. सहभागि हुने विद्यार्थीको हस्ताक्षर :

७. विद्यार्थीको EMIS रजिष्ट्रेशन नं. :

उल्लेखित बेहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने :

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा शिक्षा शाखा प्रतिनिधी | जिल्ला खेलकूद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकूद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोवाइल/फोन नं. : | मोवाइल/फोन नं. : | मोवाइल/फोन नं. : | मोवाइल/फोन नं. : |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ता प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

CamScanner